लोक सेवा आयोग

अप्राविधिक तर्फका नेपाल न्याय सेवा, न्याय/कानून/सरकारी वकील समूह, राजपत्रअनंकित प्रथम श्रेणी,
नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०८२/१/१४

समय: २ घण्टा ३० मिनेट **पत्र: तृतीय** **पूर्णाङ्क: १००**

विषय: सेवा-समूह सम्बन्धी

(Service-Group Related Subject)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

खण्ड (Section) – A — अंक – ३०

१. कानून तर्जुमा भन्नाले के बुझ्नुहुन्छ? विधेयक तर्जुमाका सामान्य चरणहरूबारे लेख्नुहोस् । **३+२=५**
What do you mean by law drafting? Write down the general stages of bill drafting.

२. कानूनी राय उपलब्ध गराउँदा ध्यान दिनुपर्ने कुराहरू के के हुन्? लेख्नुहोस् । **५**
What matters should be taken into account while providing legal opinion? Write down.

३. लिखित जवाफ (memorandums of response) तयार गर्दा के कस्ता कुराहरू विचार गर्न आवश्यक हुन्छ? लेख्नुहोस् । **५**
What things need to be considered while drafting a written statement (memorandum of response)? Write down.

४. सारवान कानून र कार्यविधि कानूनबीचका भिन्नताहरू उल्लेख गर्नुहोस् । **५**
Mention the differences between substantive and procedural law.

५. न्यायिक, अर्धन्यायिक र प्रशासकीय निकायबीचका भिन्नताहरू प्रष्ट रूपमा वर्णन गर्नुहोस् । **१०**
Describe clearly the differences among judicial, quasi-judicial and administrative bodies.

खण्ड (Section) – B — अंक – ४०

६. कुनै दाबी उपर प्रतिउत्तर पत्र पेश गर्दा कुन कुन कुराहरू खुलाउनु पर्दछ? उल्लेख गर्नुहोस् । **५**
Which matters should be clarified when submitting the statement of defense of any claim? Mention.

७. वारिश भनेको के हो? वारिश हुने व्यक्तिको योग्यता के कस्तो हुनुपर्छ? स्पष्ट गर्नुहोस् । **२+३=५**
What is an attorney? What is the qualification for a person to become an attorney? Clarify.

८. प्रमाण ऐन, २०३१ बमोजिम अदालत स्वयंले कुन कुन कुराहरू जानकारी लिन सक्दछ? बताउनुहोस् । **५**
According to Evidence Act, 2031, what matters can a court obtain information on its own? State.

९. थुनुवा पूर्जी र कैदी पूर्जीबीचको भिन्नताहरू लेख्नुहोस् । **५**
Write down the differences between the warrant for detention and the warrant for imprisonment.

१०. अदालतमा फाँटवाला (Clerk) को जिम्मेवारीहरू उल्लेख गर्नुहोस् । **५**
Mention the responsibilities of a Clerk (Fantwala) in a court.

११. प्राकृतिक न्यायको सिद्धान्तको परिचय दिँदै नेपाली कानूनमा यसको प्रयोगको अवस्था संक्षेपमा उल्लेख गर्नुहोस् । **५**

१२. फरक मुद्दा व्यवस्थापन पद्धतिको विशेषता र महत्त्व उल्लेख गर्नुहोस् । साथै, यस पद्धतिको प्रभावकारिताका लागि रचनात्मक सुझावहरू सिफारिस गर्नुहोस् । **५+५=१०**
Mention the features and importance of Differentiated Case Management (DCM) system. Also, recommend constructive suggestions for the effectiveness of this system.

खण्ड (Section) – C **अंक – ३०**

१३. मुख्य न्यायाधिवक्ताको संवैधानिक भूमिकाबारे प्रकाश पार्दै सो पदमा नियुक्तका लागि आवश्यक पर्ने योग्यता लेख्नुहोस् । **५**
Highlighting about the constitutional role of Chief Attorney, write down the required qualifications for the appointment of that position.

१४. उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारबारे संक्षेपमा लेख्नुहोस् । **५**
Write in brief about the function, duties and powers of the Joint Attorney of the Higher Government Attorney Office.

१५. मुलुकी देवानी संहिताका प्रमुख विशेषताहरू वर्णन गर्नुहोस् । **५**
Describe the salient features of the Muluki Civil Code.

१६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम सजाय निर्धारण गर्दा लिइनुपर्ने आधारहरू उल्लेख गर्नुहोस् । **५**
According to The Criminal Offences (Sentencing and Execution) Act, 2074, mention the grounds that should be considered while determining the punishment.

१७. सरकारवादी फौजदारी मुद्दामा सफलताको दर एकदमै कम रहेको सन्दर्भमा त्यस्ता मुद्दाको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षामा देखिएका कमजोरी उल्लेख गर्नुहोस् । साथै, यिनीहरूलाई कसरी सुधार गर्न सकिन्छ? वर्णन गर्नुहोस् । **५+५=१०**
In the context of very low success rate in government plaintiff criminal cases, mention the weaknesses observed in the investigation, prosecution and defense of such cases. Also, how can these be improved? Describe.

«« समाप्त »»

Re-typed for readability by Loksewa Pathsala from the question paper of the Public Service Commission (Lok Sewa Aayog), Nepal. If there is any difference, the original paper published by the Commission prevails.
Please share the page link loksewapathsala.com, not this file.